Sanima Capital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

**Ref. No.: SCL/MBD/160/83/84** मिति : २०८३/०५/०८

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवारप्लाजा, सिंहदरवार, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

**विषय : इकाईधनी दर्ता किताब बन्द गरिने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा श्री सानिमा बैंक लिमिटेड कोष प्रबर्द्धक तथा सानिमा क्यापिटल लिमिटेड योजना व्यवस्थापक/डिपोजिटरी रहि सानिमा म्युचुअल फण्ड अन्तर्गत सञ्चालित तपसिल बमोजिम योजनाको योजना व्यवस्थापकको मिति २०८३/०५/०५ गते शुक्रबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०८२/८३ को मुनाफा तथा सो अवधि सम्म रहेको संचित कोष समेतबाट इकाईधनीहरुलाई प्रतिफल वितरण गर्ने प्रयोजनका लागि यहि मिति २०८३ भाद्र १८ गते बिहीबार एक दिनका लागि इकाईधनी दर्ता किताब बन्द गरिने व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौं । साथै इकाईधनी दर्ता किताब बन्द भएको अघिल्लो दिनसम्म नेप्सेको प्रणालीमा कारोबार भई प्रचलित कानुन बमोजिम तोकिएको समयावधि भित्र रितपुर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र नगद प्रतिफलका लागि हकदार हुने व्यहोरा समेत जानकारी जानकारीको लागि अनुरोध गर्दछौं ।

**तपसिल**

| क्र.सं | योजनाको नाम | योजनाको किसिम | योजनाको आकार | घोषणा गरेको प्रतिफल दर |
|---|---|---|---|---|
| १. | सानिमा ग्रोथ फण्ड (SAGF) | बन्दमुखी | ६७,२५,३२,६००/- | ५% (कर सहित) |

साथै, सो सम्बन्धमा सर्वसाधारण लगानीकर्ताहरुको जानकारीको लागि यहि मिति २०८३ भाद्र ९ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिने सूचनाको मस्यौदा यसैसाथ संलग्न गरि पठाइएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

सहयोगको लागि धन्यवाद ।

**कपिन्द्र मल्ल**
**प्रमुख मर्चेण्ट बैकिङ्ग**

**विकास खनाल**
**प्रमुख कार्यकारी अधिकृत**

**संलग्न : १. प्रकाशन गरिने सूचनाको मस्यौदाको प्रति**

**बोधार्थ** : १. कोष सुपरिवेक्षक ज्यूहरु, सानिमा म्युचुअल फण्ड ।
२. श्री सानिमा बैंक लिमिटेड (कोष प्रबर्द्धक), नक्साल, काठमाण्डौ ।

# सानिमा ग्रोथ फण्डको
# इकाईधनी दर्ता किताब बन्द सम्बन्धमा

सानिमा क्यापिटल लिमिटेडको मिति २०८३ भाद्र ५ गते बसेको संचालक समितिको बैठकले आर्थिक वर्ष २०८२/०८३ का लागि **सानिमा ग्रोथ फण्ड**का इकाईधनीहरुलाई कर सहित ५% का दरले हुन आउने रकम रु.३,३६,२६,६३०/- (अक्षरेपी तीन करोड छत्तिस लाख छब्बीस  हजार छ सय तीस रुपैंया मात्र) प्रतिफल वितरण गर्ने निर्णय भए अनुसार मिति २०८३ भाद्र १८ गते इकाईधनी दर्ता किताब बन्द गर्न लागिएको व्यहोरा सम्पूर्ण इकाईधनीहरुको जानकारी लागि अनुरोध छ।

**Sanima Capital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ
फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanimacapital.com

मिति २०८३ भाद्र ९ गतेको आर्थिक आभियान दैनिकमा प्रकाशित गर्ने

Sanima Capital